विषयः सामाजिक अध्ययन | कक्षाः १०
एकाइः ४, सामाजिक समस्या र समाधान | समयः ४५ मिनेट
पाठ-५ | शिक्षक : सुमन बिकल
पाठ्यवस्तुः अन्धविश्वास हटाऔं | मितिः २०८३/०१/३१

## १. सिकाइको सान्दर्भिकताः

अन्धविश्वास हाम्रो समाजमा गहिरो रूपमा जरा गाडेको सामाजिक विकृति हो। यसका कारण हिंसा, विभेद, मानव अधिकार हनन तथा सामाजिक पछौटेपन बढिरहेको छ । यस पाठले विद्यार्थीमा वैज्ञानिक सोच, तर्कशक्ति, सामाजिक चेतना तथा सकारात्मक व्यवहार विकास गर्न सहयोग पुऱ्याउँछ । "अन्धविश्वास हटाउनु भनेको केवल विश्वास परिवर्तन गर्नु होइन, समाज परिवर्तन गर्नु हो।"

## २. सिकाइका उद्देश्य

पाठपछि विद्यार्थीलेः

*ज्ञानः*

अन्धविश्वासको अर्थ स्पष्ट रूपमा भन्न सक्नेछन् ।

कम्तीमा ४ वटा उदाहरण दिन सक्नेछन् ।

*सीपः*

अन्धविश्वासका कारण र असर विश्लेषण गर्न सक्नेछन् ।

समाधानका उपायहरू प्रस्तुत गर्न सक्नेछन् ।

*व्यवहारः*

वैज्ञानिक सोच तथा सामाजिक जिम्मेवारी विकास गर्नेछन् ।

अन्धविश्वासविरुद्ध सकारात्मक व्यवहार प्रदर्शन गर्नेछन् ।

## ३. पाठयोजनाको तयारी

**स्रोत साधनको तयारी**ः भिडियो क्लिप/चित्र तथा पोस्टर/चार्ट पेपर/मार्कर/मोबाइल/प्रोजेक्टर

**समय व्यवस्थापनः**

चरण

प्रारम्भिक चरण - ५ मिनेट

मुख्य चरण- ३० मिनेट

समापन चरण- १० मिनेट

**शिक्षक र विद्यार्थीको भूमिका**

शिक्षकः

सहजीकरण गर्ने

प्रेरणा दिने

गतिविधि सञ्चालन गर्ने

विद्यार्थीः

सक्रिय सहभागिता जनाउने

छलफल तथा प्रस्तुति गर्ने

निष्कर्ष निकाल्ने

**४. शिक्षण विधि/रणनीति**

प्रश्नोत्तर विधि

Think-Pair-Share

समूह कार्य/सहकार्य

भूमिका अभिनय (Role Play)

ICT आधारित शिक्षण

**विधि छनोटको कारणः**

यी विधिहरू विद्यार्थी केन्द्रित, सहभागितामूलक तथा व्यवहारिक सिकाइमा आधारित भएकाले प्रभावकारी सिकाइ सुनिश्चित हुन्छ।

**५. शिक्षण सिकाइ सामाग्री**

भिडियो सामग्री

स्थानीय उदाहरण

पोस्टर तथा चित्र

डिजिटल सामग्री

प्रोजेक्टर/मोबाइल

**६. सिकाइ क्रियाकलाप**

**प्रारम्भिक चरण (Anticipation Phase) - ५ मिनेट**

**शिक्षकको क्रियाकलाप**

- शिक्षकले विद्यार्थीलाई प्रश्न सोध्नेः
- "बिरालोले बाटो काट्यो भने अशुभ हुन्छ भन्ने सुन्नुभएको छ?"
- "राति नङ काट्न हुँदैन भन्ने किन भनिन्छ?"

- विद्यार्थीको प्रतिक्रिया लिने।
- छोटो भिडियो देखाउने।

**विद्यार्थीको क्रियाकलाप**

- आफ्ना अनुभव सुनाउने
- भिडियो हेर्ने
- जिज्ञासा राख्ने
- निष्कर्ष

"यी सबै अन्धविश्वासका उदाहरण हुन्। तर हामी किन विश्वास गर्छौं?"

**मुख्य चरण (Building Knowledge Phase) – ३० मिनेट**

गतिविधि १:

Think-Pair-Share

विद्यार्थीले एक्लै सोच्ने

जोडी बनाएर छलफल गर्ने

कक्षामा साझा गर्ने

गतिविधि २: समूह कार्य

१.अन्धविश्वासको अर्थ

२.उदाहरण

३.कारण

४.असर र समाधान

चार्ट पेपरमा लेखेर प्रस्तुति गर्ने।

गतिविधि ३: भूमिका अभिनय

समूहले अभिनय गर्नेः

छाउपडी प्रथा

बोक्सी आरोप

झारफुक

अन्त्यमा समाधान पनि प्रस्तुत गर्ने ।

शिक्षकको प्रभावशाली भनाइ-"हामी केवल दर्शक होइनौं, परिवर्तनका वाहक हौं।"

शिक्षकको स्पष्टिकरण- अन्धविश्वास वैज्ञानिक आधार नभएको विश्वास।

कारण-अशिक्षा/डर/परम्परा/हिंसा/विभेद/पछौटेपन

समाधान-शिक्षा/जनचेतना/कानुनी कार्यान्वयन

**समापन चरण (Consolidation Phase) - १० मिनेट**

**शिक्षक**

छोटो प्रश्न सोध्ने

Quiz सञ्चालन गर्ने

गृहकार्य दिने

गृहकार्य

"म अन्धविश्वास हटाउन के गर्न सक्छु?" विषयमा छोटो लेख लेख्ने।

## ७. समावेशिताका क्षेत्रहरू

सबै विद्यार्थीलाई सहभागी गराइने

फरक क्षमताका विद्यार्थीलाई सहयोग गरिने

लैङ्गिक तथा सामाजिक समानता कायम गरिने

## ८. मूल्याङ्कन

| मूल्याङ्कन क्षेत्र | अंक |
|---|---|
| बुझाइ | ४ |
| प्रस्तुति | ३ |
| सहभागिता | ३ |

**मूल्याङ्कनका आधार-**

कक्षाकार्य

अवलोकन

समूह प्रस्तुति

Quiz

## ९. ICT को आवश्यकता र प्रयोग

- भिडियो क्लिप प्रयोग
- डिजिटल प्रश्नोत्तर
- Interactive Tools प्रयोग
- प्रोजेक्टरमार्फत प्रस्तुति

## १०. अपेक्षित उपलब्धि

विद्यार्थीले:

अन्धविश्वासको सही बुझाइ हासिल गर्नेछन् ।

वैज्ञानिक सोच विकास गर्नेछन् ।

सामाजिक सुधारमा सक्रिय भूमिका खेल्नेछन् ।

## ११. नवप्रवर्तनको स्थान

- भूमिका अभिनय
- वास्तविक जीवनका उदाहरण
- विद्यार्थी केन्द्रित शिक्षण
- ICT आधारित प्रस्तुति

## १२. शिक्षण सिकाइमा आइपर्ने समस्या, चुनौती र समाधान

समस्या- विद्यार्थी नबोल्ने/ समय अभाव/ ध्यान केन्द्रित नगर्ने

समाधान- जोडी समूह छलफल गराउने/गतिविधि छोट्याउने/भिडियो तथा अभिनय प्रयोग गर्ने

## १३. निष्कर्ष

अन्धविश्वास समाजको अज्ञानता र डरबाट उत्पन्न भएको विकृति हो।

शिक्षा, चेतना र वैज्ञानिक सोचको विकासमार्फत मात्र यसको अन्त्य सम्भव छ।

**प्रभावशाली निष्कर्षः**

"अन्धविश्वास अज्ञानताको अन्धकार हो, शिक्षा त्यसको उज्यालो हो।"

"हामी परिवर्तन भए समाज परिवर्तन हुन्छ।"

"म केवल पाठ पढाउने शिक्षक होइन, समाज परिवर्तन गर्ने शिक्षक हुँ।"

शिक्षकहरुबीच प्रदेशस्तरीय विषयगत शिक्षण सिकाइ प्रतियोगिता सञ्चालनका लागि निर्माण गरी कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,

शिक्षा विकास निर्देशनालय, धनकुटा, नेपाल

समक्ष प्रस्तुत  गरिएको रणनैतिक

पाठयोजना

२०८३


निर्माण तथा प्रस्तुतकर्ता

शिक्षकको नाम:किशोर भण्डारी

तह:माध्यमिक

श्रेणी:द्वितीय

शिक्षक सङ्केत नं. :१४८००१

विषय:सामाजिक अध्ययन

विद्यालय:श्री जालपादेवी माध्यमिक विद्यालय, पाखीबास ४, धनकुटा ।

मोवाइल नं. :९८४१८०८४८५

इमेल ठेगाना :bhankishor025@gmail.com

bhandari.kis@gmail.com


मिति: २०८३|०१|२९

| १. | कक्षा : १० | विषय : सामाजिक अध्ययन |
|---|---|---|
| | एकाइ : १ हामी र हाम्रो समाज | पाठ्यवस्तु : हाम्रा पहिचान |
| | समय : ४५ मिनेट | |

## २. सिकाइका उद्देश्य :

- ✓ पहिचानको अर्थ बताउने,
- ✓ हाम्रा देहायका पहिचानहरुको परिचय दिने:
  राष्ट्रिय पहिचान, जातीय पहिचान, भाषिक पहिचान, धार्मिक पहिचान, लैङ्गिक पहिचान र अपाङ्गताको पहिचान
- ✓ समुदायको विविधतायुक्त पहिचान प्रति आफूले गर्ने व्यवहारजन्य अनुभूति व्यक्त गर्ने ।

## ३. पाठयोजनाको तयारी :

- ✓ स्रोतसाधनको तयारी : कक्षाकोठाको फर्निचर, सेतोपाटी, झ्यालढोका, मार्कर, डस्टर आदि उपयुक्त रुपमा मिलाएर राख्ने । सूचना तथा सञ्चार प्रविधिका साधनहरु ल्यापटप तथा Smart Interactive Board सञ्चालन योग्य अवस्थामा राख्ने ।
- ✓ समय व्यवस्थापन : जम्मा ४५ मिनेटको घण्टीमा हुने शिक्षण सिकाइ क्रियाकलापलाई उत्सुकता (Anticipation) चरण, ज्ञान आर्जन (Building Knowledge) चरण र सुदृढीकरण (Consolidation) चरण गरी तीन चरणमा विभाजन गरी यी चरणहरुलाई क्रमशः ५ मिनेट, ३५ मिनेट र ५ मिनेट समय छुट्याउने ।
- ✓ तीन ओटै चरणमा रहने शिक्षक तथा विद्यार्थीको भूमिका तथा क्रियाकलापलाई संक्षिप्त रुपमा यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

| चरण | शिक्षकको भुमिका | विद्यार्थीको भूमिका | समय |
|---|---|---|---|
| उत्सुकता (Anticipation) | • विद्यार्थीको बसाइ व्यवस्थापन गर्ने<br>• पूर्व पाठको पून:स्मरण गराउने<br>• पाठका सिकाइ उपलब्धिहरु वितरण गर्ने<br>• पाठको सन्दर्भ जोड्ने र पाठको सामान्य परिचय दिने | • उपयुक्त स्थानमा बस्ने<br>• पूर्व पाठको पुनः स्मरण गर्ने<br>• आजको पाठका सिकाइ उपलब्धिहरु प्रति सचेत हुने<br>• आजको पाठसँग परिचित हुने | ५ मिनेट |

| | | | |
|---|---|---|---|
| ज्ञान आर्जन (Building Knowledge) | • पाठसँग सम्बन्धित कथा प्रस्तुत गर्ने, त्यसको आधारमा विद्यार्थीलाई चिन्तन गर्न लगाउने र प्रश्नहरु सोध्ने<br>• मस्तिष्क मन्थन गराउने<br>• सामग्री प्रदर्शन गर्ने<br>• शब्दका अधारमा अनुमान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई संक्षिप्त लेखन गराउने<br>• विद्यार्थी क्रियाकलापको निरन्तर अनुगमन गर्ने | • शिक्षकद्वारा प्रस्तुत कथा ध्यान पूर्वक सुन्ने र सोधिएका प्रश्नहरुको उत्तर दिने<br>• मस्तिष्क मन्थनमा सहभागी हुने<br>• प्रदर्शन गरिएका सामग्री हेर्ने, सुन्ने र स्मरण गर्ने<br>• मुख्य शब्दको आधारमा विषयवस्तुको अनुमान गर्ने<br>• मुख्य बुँदा टिपोट गर्ने<br>• निरन्तर रुपमा सिकाइ क्रियाकलापमा सरिक हुने | ३५ मिनेट |
| सुदृढीकरण (Consolidation) | • पाठलाई दैनिक जीवनसँग जोड्न व्यावहारिक प्रश्नहरु गर्ने<br>• किन, कसरी जस्ता खुला प्रश्नहरु गर्ने<br>• पाठको सारांश प्रस्तुत गर्न लगाउने<br>• सिकाइको समीक्षा गर्ने, गराउने<br>• अन्तिम पालो मेरो रणनीति अपनाई विद्यार्थीलाई सहभागी बनाउने<br>• परियोजना कार्य दिने | • शिक्षकद्वारा सोधिएका प्रश्नहरुको उत्तर दिने<br>• सिकाइको समिक्षाको लागि दिइएको कार्य गर्ने<br>• अगाडि सक्रिय रुपमा सहभागी नभएका विद्यार्थीले अन्तिम पालो मेरो रणनीतिमा सारांश प्रस्तुत गर्ने<br>• दिइएको परियोजना कार्य टिपोट गर्ने | ५ मिनेट |

## ४. प्रयोग हुने शिक्षण विधि तथा रणनीतिहरु :

✓ सङ्गठित सिंहावलोकन : आज शिक्षण गर्नुपर्ने पाठको बारेमा विद्यार्थीहरुलाई जानकारी प्रदान गर्न तथा कक्षा कार्यकलापको लागि आवश्यक वातावरण तयार गर्न ।

- ✓ निर्देशित सुनाइ तथा चिन्तन : शिक्षकले प्रस्तुत गरेको कथात्मक विषयवस्तुको आधारमा विद्यार्थीहरुले आफ्नो तार्किक तथा चिन्तन क्षमताको प्रयोग गरी सिकाइ दिगो र प्रभावकारी बनाउन।
- ✓ मस्तिष्क मन्थन : सबै विद्यार्थीहरुलाई विषयवस्तु प्रति केही न केही कुरा सोच्न बाध्य बनाई सिर्जनात्मक सोचाइ क्षमता विकास गर्न ।
- ✓ शब्दको आधारमा अनुमान : विद्यार्थीहरुमा शब्द तथा वाक्यका आधारमा त्यहाँ लुकेको भाव अथवा यथार्थ विषयवस्तु बुझेर व्यक्त गर्ने बानीको विकास गर्न ।
- ✓ प्रदर्शन विधि : विभिन्न पहिचान झल्किने अडियो, भिडियो, फोटो तथा तस्बिरहरु प्रदर्शन गरी विद्यार्थीहरुलाई विषयवस्तु प्रतिको अवधारणा स्पष्ट पार्न ।
- ✓ संक्षिप्त लेखन : सुनेको तथा पढेको विषयवस्तु आफ्नो भाषाशैली प्रयोग गरी लेख्ने बानीको विकास गर्न । लेखनशैलीमा निखार ल्याउन तथा लेखनमा सिर्जनशीलता बढाउन ।
- ✓ अन्तिम पालो मेरो : हरेक विद्यार्थीलाई यो शिक्षण सिकाइ क्रियाकलाप मेरो लागि हो र मैले सहभागी हुनै पर्छ भन्ने भावना विकास गराई सहभागी गराउन ।
- ✓ परियोजना विधि : कक्षा कार्यकलापमा सम्पन्न गर्न नसकेका सिपका क्षेत्रहरुमा विद्यार्थीहरुलाई संलग्न गराई सिकाइलाई दिगो र प्रभावकारी बनाउन । विद्यार्थीहरुलाई निरन्तर अभ्यास गराइरहनको लागि समेत परियोजना कार्य प्रदान गर्नु आवश्यक हुन्छ ।

## ५. शिक्षण सिकाइ सामग्रीहरु :

- ✓ अडियो रेकर्ड
  - ❖ मानिसको फरक फरक भूमिकासँगै हुने उसको फरक फरक पहिचान बारे बोध गराउने अडियो रेकर्ड
- ✓ तस्बिर तथा फोटो
  - ❖ राष्ट्रिय पहिचान झल्काउने नेपालको नक्सा, राष्ट्रिय झण्डा, सगरमाथा, लुम्बिनी आदिका तस्बिरहरु
  - ❖ लैङ्गिक पहिचान झल्किने तस्बिरहरु
  - ❖ अपाङ्गता भएका मानिसहरु तथा नेपालमा अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिने चार ओटा वर्ग तथा रङ्गका अपाङ्गता परिचय पत्रका तस्बिरहरु
- ✓ भिडियो
  - ❖ फरक फरक जातका पहिरन सहित जातीय तथा भाषिक पहिचान झल्काउने भिडियो
  - ❖ फरक फरक धर्मका धार्मिक क्रियाकलापहरु झल्काउने भिडियो

- ✓ पावर पोइन्ट प्रिजेन्टेसन स्लाइड
    - ❖ शिक्षण गर्ने पाठको सिकाइ उपलब्धी, पाठको संक्षिप्त विवरण, परिचय, प्रश्नहरु, परियोजना कार्य आदि प्रदर्शन गर्न
- ✓ Smart Interactive Board and Laptop
    - ❖ भिडियो, अडियो, तस्बिरहरु तथा स्लाइड प्रदर्शन गर्न

## ६. शिक्षण सिकाइ क्रियाकलापहरु :

| विधि तथा रणनीति | शिक्षकका क्रियाकलाप | विद्यार्थीका क्रियाकलाप |
|---|---|---|
| सङ्गठित सिंहावलोकन (Structured Overview) | • पाठका सिकाइ उपलब्धिहरु Smart Interactive Board मा प्रदर्शन गर्ने ।<br>• पहिचान भनेको व्यक्तिको चिनारी हो ।यो समय, स्थान, परिवेश अनुसार फरक फरक हुन्छ भनी बताइ दिने । | • पाठका सिकाइ उपलब्धिहरु ग्रहण गर्ने ।<br>• शिक्षकले भने बमोजिम फरक फरक पहिचान बारे आफ्नो धारणा निर्माण गर्ने। |
| निर्देशित सुनाइ तथा चिन्तन (Directed listening-thinking activity) | • एउटा मानिसको फरक फरक जिम्मेवारी तथा भूमिका निर्वाह गर्ने क्षेत्रमा उसको फरक फरक चिनारी भएको एउटा कथा विद्यार्थीहरुलाई सुनाउने ।<br>• सुनाएको कथाको आधारमा व्यक्तिका विभिन्न पहिचानहरु बारे विद्यार्थीहरुलाई अनुमान गर्न लगाउने ।<br>• तपाईंहरुका फरक फरक पहिचानहरु के के होलान् ? भनी विद्यार्थीहरुलाई पालैपालो प्रश्न गर्ने। | • शिक्षकले भनेको कथा ध्यानपूर्वक सुन्ने ।<br>• शिक्षकको निर्देशन बमोजिम उक्त कथामा भएका पात्रको फरक फरक भूमिका तथा पहिचानको बारेमा मनन् गर्ने ।<br>• शिक्षकले गरेको प्रश्न बमोजिम आफ्ना व्यक्तिगत तथा सामूहिक पहिचानहरुको उत्तर दिन प्रयत्न गर्ने । |
| मस्तिष्क मन्थन (Brain Storming) | • हाम्रो देशको भौगोलिक तथा सामाजिक-सांस्कृतिक विशेषताको आधारमा के, कस्ता साझा वा सामूहिक पहिचान छन् ? भनी सबै विद्यार्थीहरुलाई सोच्न लगाउने ।<br>• विद्यार्थीहरुले मन्थन गरी ल्याएका विचारहरुलाई टिपोट गर्ने र छलफल | • आफ्नो पूर्व ज्ञान, प्रस्तुत गरिएको कथा तथा शिक्षकको प्रस्तुतीको आधारमा सिर्जनात्मकताको प्रयोग गरी मस्तिष्क मन्थन गर्ने।<br>• मस्तिष्क मन्थन गर्दा आफूलाई लागेको उत्तर कापिमा टिपोट |

| | | |
|---|---|---|
| | गराउने।<br>• विद्यार्थीबाट आएका सही उत्तर र गलत उत्तर छुट्याइदिने ।<br>• हाम्रा देहाय बमोजिम पहिचानहरुको सूची प्रस्तुत गर्नेः<br>❖ राष्ट्रिय पहिचान<br>❖ जातीय पहिचान<br>❖ भाषिक पहिचान<br>❖ धार्मिक पहिचान<br>❖ लैङ्गिक पहिचान<br>❖ अपाङ्गता सम्बन्धी पहिचान | गर्ने र छलफलमा भाग लिने ।<br>• आफूहरुले मस्तिष्क मन्थन गरी आएका विचार र सही विचार बिच तुलना गर्ने ।<br>• शिक्षकद्वारा प्रस्तुत गरिएको सूची अध्ययन गरी स्मरण गर्ने । |
| शब्दका अधारमा अनुमान (Predicting from term) | • शब्दको आधारमा अनुमान गर्नका लागि विद्यार्थीको बसाइ तथा सङ्ख्या अनुसार एक वा दुई बेन्चका विद्यार्थीहरुको एउटा समूह बनाई जम्मा छओटा समूह निर्माण गर्ने ।<br>• फरक फरक समूहलाई हाम्रा निम्न छवटा पहिचानहरुको अर्थ तथा अवधारणा बारे शब्दको आधारमा अनुमान गर्न लगाउने:<br>❖ राष्ट्रिय पहिचान<br>❖ जातीय पहिचान<br>❖ भाषिक पहिचान<br>❖ धार्मिक पहिचान<br>❖ लैङ्गिक पहिचान<br>❖ अपाङ्गता सम्बन्धी पहिचान<br>• प्रत्येक समूहले अनुमान गरेको अवधारणा समूहको एक जना सदस्यलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• एउटा समूहको प्रस्तुतिसँगै उनीहरुले प्रस्तुत गरेको विवरण सेतो पाटीमा | • शिक्षकको निर्देशन बमोजिम समूहमा बस्ने ।<br>• शिक्षकको निर्देशन तथा मार्गदर्शन अनुसार आफ्नो समूहलाई परेको पहिचानको अवधारणा बारे अनुमान गर्ने ।<br>• आफ्नो समूहले गरेको अनुमान समूहको एक जना सदस्यले शिक्षक तथा अन्य साथीहरुलाई उत्साहका साथ सुनाउने र अन्य समूहका सदस्यहरुले ध्यानपूर्वक सुन्ने ।<br>• शिक्षकद्वारा गरिएको टिपोट तथा प्रदर्शन गरिएको सामग्री अध्ययन गर्ने तथा छलफलमा सहभागि हुने ।<br>• आफ्नो समूहले गरेको अनुमान र छलफलको क्रममा आएको निष्कर्ष फरक परेमा आफ्नो अवधारणा सच्याउने ।<br>• शिक्षकको मार्गदर्शन बमोजिम |

| | | |
|---|---|---|
| | टिपोट गरी यस सम्बन्धी सामग्री प्रदर्शन गर्ने र छलफल गराउने ।<br>• विद्यार्थीलाई निरन्तर प्रोत्साहित गर्दै क्रमशः छओटै समूहको प्रस्तुतीकरण, सामग्री प्रदर्शन र छलफल गराउने । | सबै समूहको प्रस्तुतीकरण, सामग्री अध्ययन तथा छलफलमा निरन्तर रुपमा केन्द्रित हुने । |
| प्रदर्शन विधि (Demonstration Method) | • हाम्रा विभिन्न छओटा पहिचान सम्बन्धमा सबै समूहहरुले पालैपालो शब्दको आधारमा अनुमान गरी प्रस्तुतीकरण गरेसँगै उक्त पहिचान सम्बन्धि सामग्री पनि क्रमैसँग प्रदर्शन गर्दै जाने ।<br>• हाम्रा पहिचान सम्बन्धि सामग्रीहरु क्रमशः निम्नानुसार हुनेः<br>❖ राष्ट्रिय पहिचानः राष्ट्रिय पहिचान झल्किने तस्बिरहरु ।<br>❖ जातीय पहिचानः विभिन्न जातिका मानिसहरुले आफ्नो जातको बारेमा उल्लेख गरेको भिडियो ।<br>❖ भाषिक पहिचानः फरक फरक भाषाको बारेमा तयार गरिएको भिडियो ।<br>❖ धार्मिक पहिचानः विभिन्न धर्मावलम्बीहरुका धार्मिक क्रियाकलाप सम्बन्धी भिडियो ।<br>❖ लैङ्गिक पहिचानः लैङ्गिक पहिचान देखिने तस्बिरहरु ।<br>❖ अपाङ्गता सम्बन्धी पहिचानः अपाङ्गता झल्किने तस्बिर र नेपाल सरकारले प्रदान गर्ने अपाङ्गता परिचय पत्रको फोटोहरु । | • विभिन्न समूहको प्रस्तुतिसँगै शिक्षकद्वारा प्रदर्शन गरिएका सामग्रीहरु हेर्ने, सुन्ने तथा अध्ययन गर्ने ।<br>• शिक्षकको निर्देशन अनुसार छलफलमा सहभागी हुने ।<br>• आफ्नो समूहले शब्दको आधारमा गरेको अनुमानलाई प्रदर्शन गरिएका सामग्री तथा छलफलको आधारमा परीक्षण गर्ने ।<br>• आफूले गरेको अनुमान गलत भएमा सच्याउने । |
| संक्षिप्त लेखन (Quick Write) | • शब्दको आधारमा अनुमान र प्रदर्शन विधिको आधारमा छवटै पहिचानको | • शब्दको आधारमा अनुमान र प्रदर्शन विधिको आधारमा छवटै |

| | | |
|---|---|---|
| | परिचय बारे सबै विद्यार्थीहरुलाई संक्षिप्त लेखन गराउने ।<br>• सबै विद्यार्थीहरु लेखन कार्यमा सहभागी भए नभएको निरन्तर अनुगमन गरिरहने ।<br>• राम्रोसँग लेख्न नसकेका विद्यार्थीहरुलाई सहयोग गर्ने तथा छिटो सक्ने विद्यार्थीहरुबाट सहयोग गर्न लगाउने ।<br>• समुदायको विविध पहिचान प्रति आफूले गर्ने गरेको व्यवहारजन्य अनुभूतिको बारेमा लेख्न लगाउने ।<br>• केही विद्यार्थीहरुलाई उनीहरुले लेखेको व्यवहारजन्य अनुभूती कक्षामा सुनाउन लगाउने ।<br>• यदि उनीहरुको व्यवहार नकारात्मक रहेको भन्ने बुझिएमा सुधार गर्नु पर्ने कुरा बताइदिने । | पहिचानको परिचय बारे संक्षिप्त लेखन गर्ने ।<br>• शिक्षकको निर्देशन बमोजिम लेखन कार्यमा सरिक हुने ।<br>• एक अर्का साथीहरुलाई सहयोग गर्ने तथा शिक्षकबाट सहयोग लिने ।<br>• समुदायको विविध पहिचान जस्तैः फरक जातजाति, भाषा धर्मावलमवी, फरक लिङ्ग तथा अपाङ्गता भएका मानिसहरुसँग गर्दै आएको व्यवहार बारे संक्षिप्त लेखन गर्ने ।<br>• शिक्षकको निर्देशन बमोजिम कक्षामा सुनाउने ।<br>• आवश्यकता अनुसार व्यवहार परिबर्तन गर्न तयार हुने । |
| अन्तिम पालो मेरो (Save the last word for me) | • कक्षाका अघिल्ला क्रियाकलापहरुमा सक्रिय रुपमा सहभागी नभएका विद्यार्थीहरुलाई आजको पाठबाट सिकेका मुख्य मुख्य विषयवस्तु बताउन लगाउने ।<br>• अरु विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउने ।<br>• विद्यार्थीको प्रस्तुतिलाई प्रशंसा र प्रोत्साहन प्रदान गर्ने ।<br>• सबै विद्यार्थीको सिकाइमा सक्रिय सहभागिताको लागि धन्यवाद प्रदान गर्ने । | • शिक्षकको निर्देशन तथा मार्गदर्शन अनुसार विषयवस्तुको संक्षिप्त स्वरुप प्रस्तुत गर्ने ।<br>• शिक्षण कार्य रोचकता पूर्वक सम्पन्न भएकोमा शिक्षक प्रति आभार व्यक्त गर्ने । |
| परियोजना कार्य विधि (Project | • विद्यार्थीहरुलाई परियोजना कार्यको रुपमा देहायको गृहकार्य गर्न लगाउनेः | • परियोजना कार्य टिपोट गर्ने र त्यसलाई गृहकार्यको रुपमा गर्न |

| | | |
|---|---|---|
| work method) | ❖ पाठमा उल्लेख गरिएको बाहेक तपाईं र तपाईंको समुदायका कुनै दुई पहिचान के के हुन् र तिनीहरुलाई किन पहिचानको रुपमा लिइएको हो? <br>❖ तपाईंसँग सम्बन्धित पहिचानहरु मध्ये तपाईंले परिचय दिन चाहने कुनै एक पहिचान कुन हो ? र किन ? | तयार हुने । |

**७. समावेशीताको क्षेत्रहरु :**

- ✓ फरक क्षमता भएका विद्यार्थीहरुका लागि कक्षाकोठाको अगाडि राख्ने व्यवस्था मिलाउने । उनीहरुको प्रकृति अनुसार Smart Interactive Board को प्रयोगको साथै कृत्रिम बुद्धिमताको समेत प्रयोग गर्न सकिन्छ ।
- ✓ फरक क्षमता भएका विद्यार्थीहरुलाई सिकाइमा संलग्न गराउन श्रव्य, दृश्य, श्रव्य-दृश्य, पाठ्य सबै किसिमका सामग्रीहरुको प्रयोग गरिएको ।
- ✓ शैक्षिक समावेशीकरणको सिद्धान्त बमोजिम सबै जातजाति, लिङ्ग, भाषा, धर्मावलम्बी, क्षेत्र आदिका विद्यार्थीहरुलाई कक्षाकोठामा समाहित गर्ने ।

**८. मूल्याङ्कन :**

यो पाठको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनसँगै तथा सञ्चालन पश्चात निर्माणात्मक तथा निदानात्मक मूल्याङ्कन गर्न सकिन्छ । जसका लागि लिखित तथा मौखिक प्रश्नोत्तर गर्न देहाय बमोजिमका प्रश्नहरु तयार पारिएको छः

१. पहिचान भनेको के हो ?
२. तपाईंका व्यक्तिगत पहिचानहरु के के रहेका छन् ?
३. तपाईंका सामूहिक वा साझा पहिचानहरु बताउनुहोस् ।
४. हाम्रो देशका कुनै छ ओटा पहिचानहरुको सूची बनाउनुहोस् ।
५. यी पहिचानहरुको छोटो परिचय दिनुहोस् ।
६. तपाईंको समुदायको विविध पहिचान उल्लेख गर्नुहोस् ।
७. समुदायको विविध पहिचानप्रति तपाईंले गर्ने व्यवहार छोटकरीमा बताउनुहोस् ।

माथि प्रस्तुत गरिएका अतिरिक्त विद्यार्थीहरुको निर्माणात्मक, निदानात्मक तथा निर्णयात्मक मूल्याङ्कन समेतमा सहयोग पुर्याउन निम्नानुसारका कार्य गर्न सकिन्छ:

- ✓ विद्यार्थीको कक्षा कार्यकलापमा सक्रियताको निरन्तर अवलोकन गर्ने ।
- ✓ परियोजना कार्यको रुपमा गृहकार्य दिने ।

## ९. ICT को आवश्यकता र प्रयोग :

- ✓ हाम्रा विभिन्न व्यक्तिगत तथा सामूहिक वा साझा पहिचान झल्काउने तस्बिर, अडियो तथा भिडियो ICT को उपयोग गरी निर्माण गर्ने ।
- ✓ यस्ता तस्बीर तथा भिडियो Smart Interactive Board मार्फत देखाउने ।
- ✓ शिक्षण सिकाइका लागि पावर पोइन्ट प्रिजेन्टेसन स्लाइड निर्माण गरी प्रदर्शन गर्ने ।

## १०. अपेक्षित उपलब्धि :

- ✓ हाम्रा पहिचानको परिचय दिन सक्षम हुने ।
- ✓ आफ्ना व्यक्तिगत तथा साझा वा सामूहिक पहिचान चिन्न तथा छुट्याउन सक्षम हुने ।
- ✓ हाम्रो देशका विभिन्न पहिचानहरुको सूची निर्माण गर्न सक्षम हुने ।
- ✓ आफ्नो समुदायमा रहेका विभिन्न मानिसहरुको फरक फरक पहिचान बारे जानकारी लिन सक्षम हुने ।
- ✓ समुदायमा रहेका विविध पहिचानहरुको सम्मान गर्न सक्षम हुने ।
- ✓ सामाजिक साँस्कृतिक विविधताको पहिचान गरी सामाजिक एकता प्रबर्धन गर्न सक्षम हुने ।

## ११. नवप्रवर्तनको स्थान :

- ✓ शिक्षण सामग्रीको रुपमा Smart Interactive Board को प्रयोग भएको ।
- ✓ शिक्षण सिकाइको सुरुवातमा पाठसँग सम्बन्धित कथाको अडियो सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गरिएको ।
- ✓ अडियो, भिडियो, तस्बिर, स्लाइड आदिको माध्यमबाट सिकाइ जीवन्त भएको ।
- ✓ सबै विद्यार्थीहरुलाई सिकाइमा सक्रिय बनाउन सिकाइलाई दैनिक जीवनसँग जोडिएको ।
- ✓ विद्यार्थीहरुमा समालोचनात्मक चिन्तनको विकास गराउन खुला प्रश्नहरु गरिएको ।
- ✓ मस्तिष्क मन्थन विधिको प्रयोगद्वारा विद्यार्थीहरुमा सिर्जनात्मक चिन्तनको विकास गरिएको ।
- ✓ शिक्षणका लागि नवप्रवर्तनात्मक शिक्षण विधि तथा रणनीतिहरुको प्रयोग भएको ।

- ✓ खास गरी निम्न तथा मध्यम स्तरको सिकाइ क्षमता भएका विद्यार्थीहरुमा सिकाइप्रति जागरण बढाउनका लागि उनीहरुले गर्ने क्रियाकलापको परिणाममा मात्र नभई प्रयासको लागि पनि प्रशंसा गरिएको ।
- ✓ सिकाइबाट कनै पनि विद्यार्थी बिचलित नहुन् भन्ने हेतुले कक्षाको सुरुदेखि अन्त्यसम्म नै सिकाइ क्रियाकलापमा विविधता ल्याई उनीहरुलाई पूर्ण रुपमा सक्रिय बनाइएको ।
- ✓ अन्तिम पालो मेरो रणनीति प्रयोग गरी शिक्षण सिकाइको अवधिभर छलफलमा सहभागी नभएका विद्यार्थीलाई अन्त्यमा भए पनि सहभागी गराइएको ।
- ✓ फरक क्षमता भएका विद्यार्थीहरुलाई सिकाइमा सहजता प्रदान गरिएको ।
- ✓ कृत्रिम बौद्धिकताको प्रयोग गरी अडियो, भिडियो, तस्बिर जस्ता सामग्री निर्माण गरी प्रयोग गरिएको ।
- ✓ सिकाइलाई दिगो, प्रभावकारी र सिपमुलक बनाउन परियोजना कार्य दिइएको ।

## १२. शिक्षण सिकाइमा आइपर्ने समस्या, चुनौती र समाधानका उपायहरु :

**समस्या तथा चुनौतीहरु:**

- ✓ सबै विद्यार्थीहरु नियमित रुपमा विद्यालय नआउनु ।
- ✓ बोध क्षमता कमजोर भएका विद्यार्थीहरु माथिल्लो कक्षामा पुग्नाले कक्षा अनुसारको विषयगत सक्षमता हासिल गर्न कठिन हुनु ।
- ✓ विद्यार्थी, अभिभावक तथा विद्यालयले सामाजिक अध्ययन विषयलाई कम महत्वको विषयको रुपमा लिनु र विद्यार्थीहरुले यो विषय अध्ययनमा समय कम मात्र दिनु।
- ✓ जति प्रयत्न गर्दा पनि केही विद्यार्थीहरुको सिकाइको गति कमजोर हुनु ।
- ✓ विद्यार्थीहरुको लेखन सिप कमजोर हुनु ।
- ✓ समय समयमा बिजुली तथा इन्टरनेट अवरुद्ध हुनु ।

**समाधानका उपायहरु:**

- ✓ विद्यार्थीहरुको विद्यालयमा नियमितताको लागि प्रोत्साहन गर्ने।
- ✓ विद्यार्थीहरुलाई सिर्जनात्मक पढाइमा जोड दिने ।
- ✓ विद्यार्थी, अभिभावक तथा विद्यालयलाई सामाजिक अध्ययन विषयको महत्व बारे सचेत गराउने र यसको व्यावहारिक पक्ष बारे जानकारी गराउने ।
- ✓ बालमनोविज्ञान बुझेर विद्यार्थीको स्तर, आवश्यकता, चाहाना अनुसार शिक्षण गर्ने ।

- ✓ अधिकतम् रुपमा श्रव्य-दृश्य सामग्रीहरु प्रयोग गरी सिकाइ प्रति विद्यार्थीहरुको ध्यानाकर्षण गराउने ।
- ✓ परियोजना कार्य बृद्धि गर्ने ।
- ✓ प्रश्न सेट निर्माण गरी विद्यार्थीहरुलाई उत्तर लेख्ने अभ्यास गराउने ।
- ✓ बिजुली तथा इन्टरनेटको वैकल्पिक व्यवस्था गर्ने ।

## १३. निष्कर्ष :

परम्परागत भन्दा नवप्रवर्तनात्मक शिक्षण विधिहरु अपनाई शिक्षण गर्नाले विद्यार्थीहरुमा रचनात्मक सिकाइ हुदै जान्छ । जसका लागि पाठयोजना निर्माणदेखि नै नवप्रवर्तनात्मक शैली अपनाउन जरुरी हुन्छ । विद्यार्थीहरुको सिकाइ स्तर वृद्धि गर्नका लागि तल्लो कक्षादेखि नै सबै विषय शिक्षणमा नवप्रवर्तनात्मक शैली अपनाउनु पर्छ । दिन प्रतिदिन विकास भइरहेको सूचना तथा सञ्चार प्रविधि साथै कृत्रिम बौद्धिकताको समेत उपयोग गरी सामग्री निर्माण र शिक्षण सिकाइमा प्रयोग गर्न सकिने अवस्था आएको छ । रोचक तरिकाले छोटा तथा लामा प्रश्नहरु, हाजिरी जवाफ निर्माण गर्ने, खेलको माध्यमबाट सिकाउने विधि तथा प्रविधिको उपयोग गर्न सकेमा विद्यार्थीहरुमा मनोरञ्जनसँगै सिकाइ हुन्छ । यसले एकातर्फ विषयवस्तुको शिक्षण सिकाइमा सहजता आउँछ भने अर्कोतर्फ परिवर्तित प्रविधिसँग सात्क्षत्कार हुने अवसर प्राप्त हुन्छ ।

# शिक्षण सिकाइ तथा सिकाइ क्रियाकलाप तयारी र प्रस्तुतीकरण

**१.** **कक्षा: १०**

**एकाइ: १ हामी र हाम्रो समाज**

**विषय: सामाजिक अध्ययन**

**पाठ्यवस्तु: हाम्रा राष्ट्रिय गौरव**

**सिकाइको सान्दर्भिकता:** 'हाम्रा राष्ट्रिय गौरवहरू' पाठले विद्यार्थीलाई नेपालको इतिहास, संस्कृति, प्राकृतिक सम्पदा र राष्ट्रिय पहिचानप्रति सचेत बनाउँछ। यसले देशप्रेम, जिम्मेवारीबोध र सम्पदा संरक्षणको भावनाको विकास गर्न मद्दत गर्दछ।

## २. सिकाइका उद्देश्य :

सिकाइ सहजीकरण क्रियाकलापपछि विद्यार्थीहरू:

क) हाम्रा राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न सक्षम हुनेछन्।

ख) हाम्रा राष्ट्रिय गौरवको अवधारणा बताउन सक्षम हुनेछन्।

ग) बहुसांस्कृतिकतालुम्बिनी र सगरमाथालाई राष्ट्रिय गौरव ,राष्ट्रिय गान ,राष्ट्रिय झण्डा ,वीरता , भनिनुको कारण बताउन सक्नेछन्।

घ) आफ्नो स्थानीय तह वा प्रदेशमा राष्ट्रिय गौरव झल्काउने सम्पदाको खोजी गर्दै तिनीहरूप्रति गौरव गरी संरक्षणका उपायहरू अबलम्बन गर्न सक्षम हुनेछन्।

## ३. पाठयोजनाको तयारी

क) विषयवस्तुको गहिरो अध्ययन र विश्लेषण (पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्री र इन्टरनेट)

ख) चार्टपपर, थप मार्कर, श्रव्य, दृश्य, श्रव्यदृश्य लगायतका आवश्यक शैक्षणिक सामग्रीको तयारी तथा व्यवस्थापन

ग) क्रियाकलापअनुसारको उपयुक्त समय व्यवस्थापन गर्दै 5E Model (1. Engage, 2. Explore, 3. Explain, 4. Elaborate and 5. Evaluate) लाई समेत ध्यानमा राखेर पाठयोजनाको तयारी गर्ने ।

घ) सिकाइका उद्देश्य र पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिमका सक्षमता हासिल गर्ने उपयुक्त शिक्षण विधि छनोट

ङ) उद्देश्यअनुरुप सिकाइ क्रियाकलाप निर्धारण

च) विद्यार्थीको सक्रिय सहभागिता र समूह कार्य गर्न सहज हुने किसिमको कक्षाकोठा तथा बसाइ व्यवस्थापन

छ) मूल्याङ्कनका सूचक तयार गर्ने

ज) शिक्षण सिकाइमा ICT र नवप्रवर्तनलाई कसरी प्रयोग र स्थान दिन सकिन्छ सोको तयारी जस्तै: Smart Board or Interactive Board र तयार गरेको Slide को परीक्षण गर्ने, Google मा wheelofnames.com मा कक्षाका सबै विद्यार्थीको नाम प्रविष्ट गर्ने ।

झ) शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा सञ्चालनमा ल्याइएको सिकाइ चौतारी पोर्टल/एप्समा रहेका अध्ययन तथा स्रोत सामग्रीहरू अध्ययन, अवलोकन गरेर पाठयोजनालाई अझै प्रभावकारी र सिकारूमैत्री बनाउने ।

## ४. प्रयोग हुने शिक्षण विधि/रणनीतिहरू

क) छलफल र प्रश्नोत्तर

ख) मष्तिष्क मन्थन

ग) ग्यालरी वाक (समूह कार्य/सहकार्य)

घ) ICT मा आधारित सिकाइ विधि

ङ) समालोचनात्मक चिन्तन विधि

## ५. शिक्षण सिकाइ सामग्रीहरू

अ) नेपालको झण्डा ,नेपालको संविधान ,राष्ट्रिय गानको चार्ट ,

आ)लुम्बिनी र सगरमाथाको तस्वीर ,स्लाइड ,

इ) राष्ट्रियता झल्किने गीतको क्लीप्सभिडियो र श्रव्यदृश्य सामग्री ,

ई) चार्ट पेपर, विभिन्न रङका मार्कर

## ६. सिकाइ क्रियाकलाप

### अ) सुरुवाती क्रियाकलाप

१. राष्ट्रिय भावना झल्किने कुनै गीत वा भिडियो प्रस्तुत गरेर कक्षाको सुरुवात गर्ने

२. उक्त गीतको रचनाकार, सङ्गीतकार र गायकको बारेमा सोध्ने र सही जवाफको लागि धन्यवाद दिने तथा गलत वा अस्पष्ट भएमा सही जवाफ दिने ।

३. गीतको मर्म र भाव के हो भनेर प्रश्न सोध्ने र केहीबेरको छलफलपछि सिकारुको विचारलाई समेत समेट्दै  गीतको मर्म र भाव बताइदिने र हाम्रा राष्ट्रिय गौरव पाठको विषयवस्तुमा प्रवेश गर्ने ।

४. शिक्षण सिकाइ क्रियाकलाप योजनाको नवीन 5E Model (1. Engage, 2. Explore, 3. Explain, 4. Elaborate and 5. Evaluate) लाई क्रमश: व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने ।

### आ)मुख्य क्रियाकलाप

**क्रियाकलाप १. चित्र, भिडियो प्रस्तुति र छलफल**

क) कक्षामा स्पष्ट देखिने गरी सर्वोच्च शिखर सगरामाथा ,लुम्बिनी ,पशुपतिनाथको मन्दिर , तथा नेपालीको वीरता झल्किने चित्र ,पाथिभरा मन्दिर ,जानकी मन्दिरवा भिडियोहरू एक एक गरेर प्रस्तुत गर्दै विद्यार्थीले पाएको महत्त्वपूर्ण जानकारी बताउन प्रेरित गर्ने ।

ख) त्यसपछि राष्ट्रिय झण्डा देखाउनेराष्ट्रिय झण्डाको बारेमा सबैलाई पालैपालो एक एक वाक्य , गायकहरू र मर्म त ,सङ्गीतकार ,बोल्न लगाउने । राष्ट्रिय गानको रचनाकार र मूल भावबारे छलफल गर्दै यी सबै हाम्रा राष्ट्रिय गौरव र नेपाललाई विश्वमा चिनाउने  सान हुन् भनेर प्रष्ट पार्ने ।

**क्रियाकलाप २. मष्तिष्क मन्थन**

क) मष्तिष्क मन्थनका बारेमा जानकारी दिइ 'हाम्रा राष्ट्रिय गौरव' पाठको बारेमा सम्पूर्ण कक्षालाई स्पष्टसँग बताउने

ख) कक्षाका सबै विद्यार्थीलाई पाँच मिनेट समय दिइ आफ्नो समुदायस्थानीय तह वा प्रदेशमा ,
राष्ट्रिय गौरव झल्काउने कुनै वस्तु वा सम्पदा छन् कि छैनन् सम्झन लगाउने ।

ग) आफूले सम्झेका सम्पदाको बारेमा परिचय, महत्त्व र संरक्षणका उपायबारे थुप्रै कुरा सोच्न, दिमाग खुला राख्न, महत्त्वपूर्ण र नवीन विचार निकाल्न लगाउने ।

घ) Google मा wheelofnames.com मार्फत (Spin गरेर) पालोमा पर्ने विद्यार्थीलाई राष्ट्रिय गौरवको बारेमा आफूले निकालेको जानकारी, विचार भन्न लगाउने ।

ङ) विद्यार्थीको विचारलाई सम्मान गर्दै थप कुरा राख्न प्रेरित गर्ने, ध्यानपूर्वक सुन्ने र विद्यार्थीलाई एक्लाएक्लै वा जोडीमा विचार मन्थन गर्न लगाउने ।

च) कुनै विषयवस्तुलाई विभिन्न तरिका, शैली र कोणबाट सोच्न, बुझ्न र हेर्न सकिन्छ भन्दै समालोचनात्म चिन्तन सिपका अरु विधिबाट पनि पाठ्यवस्तुलाई प्रस्तुत गर्ने, विश्लेषण गर्ने ।

**क्रियाकलाप ३. समूह कार्य र छलफल**

क) समावेशिताको आधारमा समूह गठन गरी कोशी प्रदेशमा रहेका सगरमाथा ,हलेसी , बराहक् ,पाथिभराषेत्र आदि सम्पदाको नाम राखेर समूह गठन गर्ने प्रत्येक समूहले गौरवमय सम्पदाको अवस्थिति ,परिचय ,महत्त्व र संरक्षका उपायबारे जानकारीमूलक सामग्री चार्टपेपरमा तयार गरेर उपयुक्त स्थानमा टाँस्न लगाउने । ग्यालरी वाक विधिमार्फत प्रत्येक समूहका सदस्य क्रमश ,हिंडेर अर्को समूहले तयार गरेको सामग्री अवलोकन गर्ने : नबुझेका र थप गर्नुपर्ने कुरा टिपोट गर्न लगाउने ।

ख) सबै समूहको प्रस्तुतिको लागि धन्यवाद दिंदै हाम्रो देशमा विश्वका अन्य राष्ट्रसँग नभएका राष्ट्रिय गौरवका कुरा छन् । यस्ता सम्पदाहरू नेपाल र नेपालीका पहिचान र सान हुन् र यस्ता गौरवमय सम्पदाको उचित प्रचार प्रसार र संरक्षण गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्दै सन्देश दिने ।

ग) इन्टरनेटको सहायताले राष्ट्रिय गौरवका सम्पदा र विषयवस्तु खोज गर्ने र सम्बन्धित विषयमा समूहगत व्यापक छलफल पश्चात समूहगत रूपमा लिखत सामग्री तयार गर्न लगाउने । समूहबाट एकजनालाई प्रस्तुत गर्न लगाउने । प्रत्येक समूहको प्रस्तुतिको मूल्याङ्कन गरी सुझाव दिन अर्को समूहलाई तोक्ने ।

घ) अन्त्यमा, गौरव भनेको आत्मसम्मान हो । हामी नेपालीलाई हाम्रा वीरताका इतिहास, पौराणिक कलाकौशल, राष्ट्रिय वैभव झल्काउने अलौकिक चिह्नहरू, विश्वलाई चिनाउने प्राकृतिक, सामजिक र सांस्कृतिक सम्पदा आदिले गौरवताको अनुभूति दिन्छन् । यिनको महत्त्व बुझेर प्रचारप्रसार र संरक्षणका उपायहरू अपनाउनु हामी सबैको कर्तव्य हो भनी निष्कर्ष निकाल्ने ।

## ७. समावेशिताको क्षेत्रहरू

क) सबै विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्ने

ख) कुनै पनि लिङ्ग, भाषा, क्षमता, क्षेत्र आदिको आधारमा विभेद नगर्ने बरु वैयक्तिक भिन्नता, फरक क्षमता र आवश्यकताअनुसार बसाई र विविधता व्यवस्थापन गर्ने ।

ग) फरक क्षमता र कमजोर विद्यार्थीलाई अतिरिक्त सहयोग र सिकाइ अवसर प्रदान गर्ने ।

घ) दृष्टि क्षमता, श्रवण शक्ति, उचाइ र अन्य अवस्था बुझेर सिकाइमा सहजता र सक्रिय सहभागिताको सुनिश्चितता हुने गरी बसाई, समूह विभाजन, समूह कार्य, एकल कार्य र सिकाइ क्रियाकलापमा सहभागी गराउने ।

## ८. मूल्याङ्कन

क) समूहकार्यको अवलोकन

ख) मौखिक प्रश्न उत्तर

ग) समूहकार्यको मूल्याङ्कन

घ) क्रियाकलापमा सक्रिय सहभागिता भए नभएको मूल्याङ्कन

ङ) छोटो परीक्षण (Quiz)

च) मूल्याङ्कन सूची/सूचकको प्रयोग

छ) सिकाइ र समस्या समाधानमा सिर्जनात्मकता, नवीन तरिका र सकारात्मक छ छैन ? उसको प्रस्तुति र व्यवहार मूल्याङ्कन

ज) सिकाइमा पछाडि परेको अवस्थामा निदानात्मक र निर्माणात्मक मूल्याङ्कन गरी सिकाइको लागि थप अवसर प्रदान गर्ने ।

## ९. ICT को आवश्यकता र प्रयोग

क) PowerPoint प्रस्तुतीकरण (MS PowerPoint, Google Slides, Canva, Mentimeter, Nearpod, Prezi, Slidego, Ahaslide etc)

ख) Relative Video Clip and Music

ग) Internet Source को प्रयोग

घ) Smart Board And Interactive Board को प्रयोग

ङ) Audio, Video, Audiovisual Tools, Printed Materials आदिको प्रयोग

## १०. अपेक्षित उपलब्धि

क) विद्यार्थीले राष्ट्रिय गौरवहरूको स्पष्ट ज्ञान प्राप्त गर्नेछन् ।

ख) देशप्रेम र सम्पदा तथा संस्कृति संरक्षणको भावना विकास हुनेछ ।

ग) समूहकार्य, सहकार्य र प्रस्तुतीकरण क्षमता वृद्धि हुनेछ ।

घ) प्राप्त गरेको ज्ञान, सिप र धारणालाई सम्पदा संरक्षणमा लगाउन सक्नेछन् ।

ङ) हाम्रा राष्ट्रिय गौरवहरूको वृत्तचित्र (Documentary), Vlog बनाएर विश्वमा विश्वसनीय प्रचारप्रसार गरी नेपाललाई चिनाउने कार्यमा अग्रसर हुनेछन् ।

च) नेपालका राष्ट्रिय गौरव र सम्पदाहरूको संरक्षण गरी पर्यटकहरूलाई आकर्षण गरेर समाजमा आर्थिक क्रियाकलापमा वृद्धि गर्न सक्नेछन् ।

## ११. नवप्रवर्तनको स्थान

क) डिजिटल प्रस्तुतीकरण

ख) पोष्टर, चित्र, वृत्तचित्र निर्माण जस्ता सिर्जनशील क्रियाकलापमा जागरुक

ग) स्थानीय सम्पदाबारे खोज तथा अनुसन्धान गरी त्यहाँको मौलिकता र विशेषताको विश्वमा प्रचारप्रसार

घ) विश्वमा प्रचलित नवीन आविष्कार र प्रविधिको प्रयोग गरी राष्ट्रिय गौरव र सम्पदाको प्रचारप्रसार

ङ) कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग जस्तै सिकाइमा chatgpt, deepseek, gemini आदिको प्रयोग र प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी बारे सचेतना

च) Virtual Reality मार्फत सम्पदाहरूको Virtual Tour

## १२. शिक्षणमा सिकाइमा आइपर्ने समस्या, चुनौती र समाधानका उपायहरू

**अ) समस्या तथा चुनौतीहरू:**

क) आवश्यक र उपयुक्त सामग्री निर्माणमा विद्यार्थीको उदासीनता र शिक्षकको समय अभाव

ख) विद्यार्थीको नियमितता र सक्रिय सहभागितामा कमी

ग) नियमित विद्युत आपूर्तिमा समस्या र इन्टरनेटको असुविधा

घ) समूह कार्य र समालोचनात्मक सिप विकास सम्बन्धी कार्यको प्रयोगात्मक कार्य गर्न पर्याप्त समय अभाव

**आ)समाधानका उपायहरू:**

क) वैकल्पिक सामग्रीको प्रयोग

ख) सक्रिय शिक्षण विधिमा जोड दिने

ग) समय व्यवस्थापनमा सुधार गर्ने

## १३. निष्कर्ष

'हाम्रा राष्ट्रिय गौरवहरू' पाठले विद्यार्थीलाई आफ्नो देशप्रति गर्व गर्ने भावना विकास गराउँछ । प्रभावकारी शिक्षण विधि, ICT को प्रयोग र समावेशी वातावरणमार्फत यो पाठ अझ प्रभावकारी बनाउन सकिन्छ । यसले विद्यार्थीलाई जिम्मेवार नागरिक बन्न प्रेरित गर्दछ । गौरव भनेको आत्मसम्मान हो । राष्ट्रिय गौरवका सम्पदाले सम्पूर्ण नेपालीलाई गौरवताको अनुभूति दिन्छन् ।

यिनको महत्त्व बुझेर  संरक्षणका उपायहरू अपनाउनु पर्दछ । आगामी दिनमा शिक्षण सिकाइ क्रियाकलापलाई समय, परिवेश, परिस्थिति र अवस्थालाई मध्यनजर गरेर समावेशी बनाउँदै ICT को प्रयोगलाई समयोचित बनाउने र सिकाइमा नवप्रवर्तनलाई आत्मसात गर्नुपर्दछ । विविध विधिबाट सिकारु र आफ्नै स्वमूल्याङ्कनलाई निरन्तरता दिँदै सदैव सुधारतर्फ अग्रसर हुनुपर्दछ ।

## शिक्षकको विवरण


शिक्षकको नाम, थर : घन बहादुर काफ्ले

तह, श्रेणी : माध्यमिक तह, तृतीय श्रेणी

विषय: सामाजिक अध्ययन

शैक्षिक योग्यता: एम. एड., एम. ए. उत्तीर्ण तथा एमफिल अध्ययनरत

सङ्केत नम्बर : १४८४९८

विद्यालयको नाम, ठेगाना : श्री चण्डेश्वरी माध्यमिक विद्यालय, खिजीदेम्बा गाउँपालिका-२, रगनी, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

सम्पर्क नम्बर : ९८४१०४४५७९/९८२००५७०४

Email: gbkafle@gmail.com

साहित्यिक नाम : कुमार काफ्ले

प्रकाशित कृतिहरू :

१. हजार सपना (काठमाडौँ ,शब्दार्थ प्रकाशन ,२०७२ ,उपन्यास)
२. सपना कतिपय (कथासङ्ग्रह, २०८१, नमस्ते आधुनिक लघुकथा मञ्च, चितवन)
३. सुन्दर सपना (बालकथा सङ्ग्रह, २०८१, शब्दार्थ प्रकाशन, काठमाडौँ)